# माडी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## घर्तिगाउँ, रोल्पा
## प्रदेश नं. ५ नेपाल

प.सं. ०७७।७८
च.नं. २२१
मितिः २०७७।०६।०७

**प्रस्ताव पेश गर्ने बारे सूचना।**

यस गाउँपालिकाको आ.व. २०७७।७८ को स्वीकृत कार्यक्रम बमोजिम सहकारीका लागि कृषि सामग्री ढुवानी अनुदान शीर्षकमा बजेट विनियोजन भएकोमा कृषि सामग्री ढुवानी गर्न सवारीसाधन खरिद गर्न लागत सहभागीतामा अनुदान दिइने भएको हुँदा यस गा.पा. भित्र कार्यरत सहकारी संस्थाहरूलाई सूचना प्रकाशन भएको १५ (पन्ध्र) दिन भित्र प्रस्ताव पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ।

प्रस्तावका शर्तहरूः

१. माडी गा.पा. भित्र कार्यरत पछिल्लो २ वर्ष देखि सक्रिय कृषि सहकारी संस्था हुनुपर्नेछ।
२. संस्था नवीकरण, स्थायी लेखा नम्बर प्राप्त तथा आ.व. २०७६।७७ को करचुक्ता भएको हुनुपर्नेछ।
३. प्रस्तावका साथ आ.व. २०७६।७७ को लेखा परीक्षणको प्रतिवेदनको प्रतिलिपि संलग्न गर्नुपर्नेछ।
४. सवारीसाधन खरिदका लागि सहकारी संस्थाको तर्फबाट लगानी गर्ने रकम प्रतिशत उल्लेख हुनुपर्नेछ।
५. माडी गाउँपालिकाले तोकेको प्रकारको सवारीसाधन खरिद गरिनेछ।
६. सहकारी संस्थाको सदस्य संख्या, कारोबारको रकमका आधारमा संस्था छनोट गरिनेछ।
७. सवारीसाधन सञ्चालनको मुख्य उद्देश्य माडी गाउँपालिकाका कृषकहरूले उत्पादन गरेको कृषि उपजलाइ उचित मूल्य पाउने बजारसम्म पुर्याउनु रहेको छ। सोका लागि गाउँपालिकाले तोकेको भाडा लिइ सम्पूर्ण गा.पा. भरिको उत्पादन तोकिएको सङ्कलन केन्द्रदेखि बजारसम्म पुर्याउनु पर्नेछ। सो कार्यको अनुगमन माडी गाउँपालिकाबाट हुनेछ।
८. सवारीसाधन खरिद पश्चात सवारी सञ्चालन गर्न आवश्यक इन्धन, चालक, मर्मत सम्भार तथा राज्यलाइ तिर्नु पर्ने सम्पूर्ण प्रकारका कर लगायतका खर्च सहकारी संस्थाले बेहोर्नु पर्नेछ।

गाउँ कार्यपालिकाको कार्यालय माडी गाउँपालिका घर्तिगाउँ, रोल्पा ५ नं. प्रदेश नेपाल २०७३

Web site: www.madimunrolpa.gov.np E-mail: madi.rumn73@gmail.com Phone: 086416036